सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

<u>आदेश</u>

**०७४-RB-०३४५**

मुद्दाः-आयकर आ.व. ०६४/०६५

त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि. पान नं. ३००१०२९०५----------------------- पुनरावेदक

<u>विरुद्ध</u>

ठूला करदाता कार्यालय, ललितपुरसमेत --------------------------------------- प्रत्यर्थी

**०७४-RB-०३४३**

मुद्दाः-आयकर आ.व. ०६५/०६६

त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि. पान नं. ३००१०२९०५----------------------- पुनरावेदक

<u>विरुद्ध</u>

ठूला करदाता कार्यालय, ललितपुरसमेत --------------------------------------- प्रत्यर्थी

**०७४-RB-०३४४**

मुद्दाः-आयकर आ.व. ०६६/०६७

त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि. पान नं. ३००१०२९०५----------------------- पुनरावेदक

<u>विरुद्ध</u>

ठूला करदाता कार्यालय, ललितपुरसमेत --------------------------------------- प्रत्यर्थी

**०७२-RB-०४५६**

मुद्दाः-आयकर आ.व. ०६३/०६४

ठूला करदाता कार्यालय, ललितपुरसमेत -------------------------------------- पुनरावेदक

<u>विरुद्ध</u>

त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि.------------------------------------------------ प्रत्यर्थी

| | |
|---|---|
| **शुरू तहमा फैसला गर्नेः** | श्री आनन्दराज ढकाल<br>ठूला करदाता कार्यालय, ललितपुर |
| **फैसला मितिः** | २०६९।०२।०२ |
| **पुनरावेदन तहमा फैसला गर्नेः** | माननीय न्यायाधीश श्री सुष्मालता माथेमा<br>माननीय न्यायाधीश श्री गोपाल कोइराला<br>राजस्व न्यायाधिकरण काठमाडौं |
| **फैसला मितिः** | २०७२।०९।२० |

१ नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०७२।०९।२० मा भएको फैसलाउपर पुनरावेदन परी निर्णयको लागि पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण कागजातको अध्ययन गरी प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरसमेतका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताद्वय श्री हरिशंकर ज्ञवाली र श्री चपला पोखरेल तथा पुनरावेदक त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि.को तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री विकल्प अग्रवाल र श्री विकास अग्रवालले गर्नुभएको बहससमेत सुनियो।

२ पुनरावेदक त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि. ले आ.व. २०६४/०६५ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ बमोजिम रु.६,००,५९,२३८।६९ नोक्सानी कायम गरी ठूला करदाता कार्यालय, ललितपुरसमक्ष आय विवरण पेश गरेकोमा ठूला करदाता कार्यालयबाट मिति २०६९/०२/०२ मा रु.३,७४,०३,८२२।०५ संशोधित नोक्सानी कायम गरी संशोधित कर निर्धारण गर्नु भन्ने निर्णय भएको देखिन्छ। उक्त निर्णयमा चित्त नबुझाई त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा निजको निवेदन जिकिरलाई पुष्टि गर्ने कुनै पनि सबुद प्रमाण पेश भएको नदेखिएको हुँदा निवेदन खारेज हुने ठहर्छ भनी आन्तरिक राजस्व विभागबाट मिति २०६९।०५।२५ मा निर्णय भएकोमा सो निर्णयउपर चित्त नबुझाई पुनरावेदकले राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन दायर गरेको देखिन्छ।

३ पुनरावेदक त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि.ले आन्तरिक राजस्व विभागबाट भएको निर्णयउपर चित्त नबुझाई राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेकोमा राजस्व न्यायाधिकरणबाट ह्रास कट्टी सम्बन्धमा निर्णय हुँदा, उक्त कम्पनीले आयकर ऐन, २०५८ को दफा १९ अनुसार ह्रास खर्च गणना गर्दा आयकर ऐन, २०५८ को अनुसूची २ को दफा (३) को उपदफा (२) मा भएको

व्यवस्था अनुसार आयकर ऐन, २०५८ को अनुसूची १ को दफा (२) को उपदफा (३) को खण्ड (क) अनुसारको विशेष उद्योग भएकोले थप एक तिहाईको दरले हुने रकमसमेत समावेश गरी ह्रास कट्टी गणना गर्नुपर्नेमा सो नगरी घटी रकम ह्रास खर्च दाबी गरी आयकर ऐनको दफा १९ मा भएको व्यवस्थाअनुसार खर्च नलिई भविष्यको आयकरको दायित्वलाई कम गर्ने गरी कर योजना गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १९ र अनुसूची २ ले कुनै पनि करदाता कम्पनीले स्थायी सम्पत्तिको अनिवार्यरुपमा ह्रास खर्च कट्टी गर्नुपर्ने व्यवस्था भएकोले उक्त सुविधा उपभोग गर्ने/नगर्ने स्वेच्छिक व्यवस्था हो भनी उक्त कम्पनिले पुनरावेदन जिकिर लिए तापनि सो जिकिरलाई पुष्टि गर्ने कुनै पनि कानूनी आधार पेश गर्न सकेको देखिंदैन। उल्लिखित अनुसूची २ मा भएको व्यवस्था स्वयंमा स्वतन्त्र व्यवस्था नभई दफा १९ सँग सम्बन्धित रहेको व्यवस्था भएकाले उक्त अनुसूचीमा भएको ह्रास खर्च कट्टी गर्न पाउनेछन् भन्ने वाक्यांश स्वेच्छिक हो भन्ने पुनरावेदन जिकिर रहेतापनि उक्त अनुसूचीसँग सम्बन्धित दफा १९(१) मा भएको व्यवस्था बाध्यात्मक नै मान्नुपर्ने देखिन्छ। यसर्थ, पुनरावेदक कम्पनीले कानूनले गरेको अनिवार्य व्यवस्थाको पालना नगरेको सम्बन्धमा तर्कयुक्त जवाफ र कानूनी आधार पेश गर्न सक्नुपर्नेमा सो सो पेश गर्नसकेको नदेखिएको हुँदा निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। पुनरावेदक कम्पनीलाई अघिल्लो आ.व.को नोक्सानीलाई पछिल्लो आ.व.मा सार्न मिल्ने कानूनी व्यवस्था भए तापनि कम्पनिले पेश गरेको आय विवरणमा उल्लेख गरेको नोक्सानीले मान्यता पाउने हो कि कार्यालयले कायम गरेको नोक्सानीले मान्यता पाउने हो? भन्ने नै मुख्य विवादको विषय भएको हुँदा बढी कट्टी दाबी भएको नोक्सानी रकम आयकर ऐन, २०५८ को दफा २० बमोजिम कट्टी नपाउने हुँदा पुनरावेदक त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि.ले आ.व. २०६४/०६५ को संशोधित नोक्सानी कायम गरी संशोधित कर निर्धारण गर्नु भन्ने ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०६९।०२।०२ मा भएको निर्णयलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।०५।२५ को प्रशासकीय पुनरावलोकनको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि. को पुनरावेदन जिकिर पुग्न सक्दैन भनी फैसला भएको देखियो।

४ प्रत्यर्थी ठूला करदाता कार्यालयबाट जारी भएको संशोधित कर निर्धारण सम्बन्धी सूचना र “विशेष उद्योग भएकोले थप एक तिहाईको दरले हुने रकमसमेत समावेश गरी ह्रास कट्टी गणना गर्नुपर्नेमा सो नगरी घटी रकम ह्रास खर्च दाबी गरेकोले आयकर ऐन, २०५८ अनुसूची २ को

दफा (३) को उपदफा (२) मा भएको व्यवस्थाबमोजिम कम्पनीले ह्रास कट्टी गरेको मानी सोहीअनुरुप आगामी आय वर्षका लागि ह्रास आधार कायम गरिएको" भन्ने बेहोराको निर्णय त्रुटिपूर्ण छ। दाबी नगरेको ह्रास खर्चलाई दाबी गरेको मानी निर्णय गर्ने अधिकार प्रत्यर्थी कार्यालयमा नरहेकोले दाबी नगरेको ह्रास खर्चलाई पनि दाबी गरेको मानी प्रत्यर्थीबाट भएको निर्णय त्रुटिपूर्ण र बदरभागी छ। घटी रकम ह्रास खर्च दाबी गरेको हुनाले कम्पनीले ह्रास कट्टी गरेको मानी सोहीअनुरुप आगामी आय वर्षका लागि ह्रास आधार कायम गरिएको भनी प्रत्यर्थी कार्यालयको संशोधित कर निर्धारण सम्बन्धी आदेश, सूचना, निर्णय र आन्तरिक राजस्व विभागको निर्णयका सन्दर्भमा श्री राजस्व न्यायाधिकरणबाट भएको फैसलामा गम्भीर कानूनी त्रुटि भएकोले पुनरावेदन गर्न अनुमति प्रदान गरी श्री राजस्व न्यायाधिकरण काठमाडौंको फैसला, प्रत्यर्थी ठूला करदाता कार्यालयको संशोधित कर निर्धारण आदेश, सूचना र निर्णय पर्चा एंव आन्तरिक राजस्व विभागको निर्णयसमेतलाई बदर गरी न्याय गरी पाउँ भन्नेसमेत बेहोराको निवेदन पुनरावेदक त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि.बाट यस अदालतमा दायर हुन आएको देखिन्छ।

५ प्रस्तुत मुद्दामा निरुपण गर्नुपर्ने विषयसँग सम्बन्धित कानूनी व्यवस्थातर्फ हेर्दा, आयकर ऐन, २०५८ को दफा १९ को उपदफा (१) मा, **"कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भएबापत अनुसूची २ बमोजिम ह्रास कट्टी गर्न पाउनेछ"** भन्ने व्यवस्था गरेको पाइन्छ। त्यस्तै, उक्त ऐनको अनुसूची २ को दफा (३) को ह्रासको दरको उपदफा (२) मा **"यस ऐनको दफा १९ को उपदफा (२) मा उल्लेख गरिएका आयोजनाहरुले र अनुसूची १ को दफा (२) को उपदफा (३) र (४) मा उल्लेख गरिएका निकायले यस अनुसूचीको उपदफा (१) मा उल्लेख गरेका वर्ग "क", "ख", "ग" र "घ" मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रास कट्टीको दरमा एक तिहाईले थप पाउनेछन्"** भन्ने व्यवस्था गरेको पाइन्छ।

६ प्रस्तुत मुद्दाको तथ्य र विवादको विषयवस्तुसँग सम्बन्धीत उपरोक्त कानूनी व्यवस्थातर्फ हेर्दा, उक्त ऐनको अनुसूची २ को दफा (३) को ह्रासको दरको उपदफा (२) मा प्रयुक्त **"यस ऐनको दफा १९ को उपदफा (२) मा उल्लेख गरिएका आयोजनाहरुले र अनुसूची १ को दफा (२) को उपदफा (३) र (४) मा उल्लेख गरिएका निकायले यस अनुसूचीको उपदफा (१) मा उल्लेख गरेका वर्ग "क", "ख", "ग" र "घ" मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रास**

**कट्टीको दरमा एक तिहाईले थप पाउनेछन्"** भन्ने व्यवस्था करदाताले जिकिर लिएजस्तो स्वेच्छिक हो वा अनिवार्य के हो? भन्ने प्रश्न निरुपण गर्नुपर्ने देखियो। सो सम्बन्धमा यस अदालतबाट प्रतिपादित नजिरसमेतलाई हेर्दा, *पुनरावेदक इस्टर्न सुगर मिल्स लि.,अमाहिवेल्हा, सुनसरीको तर्फबाट ऐ. का संचालक दिवाकर गोल्छाविरुद्ध प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरसमेत भएको मुद्दामा* [1] **कुनैपनि व्यवसायीक संस्थाले व्यवसायको प्रकृति, खर्च तथा आम्दानीको रुपरेखा कानूनको अधिनमा रही स्वतन्त्र तवरले तय गर्न सक्दछ तर कानूनले निर्देशित र नियन्त्रित गरेको कुरामा कानूनबमोजिम हुबहु परिपालन हुनै पर्ने हुन्छ। उल्लिखित कानूनी प्रावधानले करदातालाई आफ्नो ह्रासयोग्य सम्पत्तिमा ह्रास भएबापत अनुसूची २ बमोजिम ह्रास खर्च कट्टी गर्न अनिवार्य गरेको अवस्था छ। अर्कोतर्फ उक्त अनुसूची २ को दफा ३(२) मा ह्रास खर्च कट्टीको दरमा एक तिहाईले थप पाउनेछन् भनी गरेको व्यवस्थालाई आधार बनाई यी पुनरावेदकले उल्लिखित दफा १९ को उपदफा १ को प्रावधान नै स्वेच्छिक रहेको भनी जिकिर लिएको अवस्था छ। अनुसूची मूल प्रावधानको सरलीकरणको एक स्वरुप मात्र हो। ऐनको दफालाई अनुसूचीले विस्थापित गर्न सक्दैन। ऐनको दफाको व्यवस्थालाई सरलरुपमा कार्यान्वयनका खातिर गरेको प्रक्रियागत व्यवस्था नै अनुसूची हो। ऐनको अनुसूची जहिले पनि मुल दफाको अनुकूल हुने हुन्छ न कि ऐनको दफाकै प्रतिकूल। न त ऐनको दफागत व्यवस्थालाई अनुसूचीले संकुचित वा विस्तारित नै गर्दछ। वस्तुतः ऐनको दफामा उल्लिखित प्रावधानले नै कानूनी मान्यता प्राप्त गर्ने हुन्छ। प्रस्तुत मुद्दामा उल्लिखित दफा १९(१) नै ह्रास खर्च कट्टीको मुल कानूनी आधार हो। अनुसूची २ को दफा ३(२) बमोजिम एक तिहाई थप सुविधा मात्र हो भन्न मिल्दैन। अनुसूची २ को दफा ३(२) को प्रावधान मूल दफा १९(१) को कार्यान्वयनको प्रक्रियासम्म हो। यी पुनरावेदक करदाता इस्टर्न सुगर मिल्स लि. ले जिकिर लिएजस्तो आयकर ऐन, २०५८ को दफा १९ को उपदफा १ स्वेच्छिक नभै अनिवार्यता रहेको देखिंदा निज करदाताको पुनरावेदन जिकिर पुग्नसक्ने देखिएन। अतः उल्लिखित आधार कारण समेतबाट ऐनको दफावार प्रावधानलाई अनुसूचीले संकुचित वा विस्तारित गर्न नसक्ने हुँदा आयकर ऐन, २०५८ को दफा १९(१) मा भएको व्यवस्था पुनरावेदक करदाताको स्वेच्छिक नभै अनिवार्यता रहेको हुँदा नयाँ ह्रास आधार कायम गर्ने गरेकोसम्म शुरु ठूला करदाता कार्यालय, ललितपुरबाट भएको निर्णय सदर गर्ने गरी**

[1] मुद्दा नं.: ०७५-RB-०५६१ (आयकर २०६४/६५।) फैसला मितिः २०७६/१०/१३

**राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०७०।११।०१ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक इस्टर्न सुगर मिल्स लि. को पुनरावेदन जिकिर पुग्न सक्दैन** भनी निर्णय भएको पाईन्छ।

७ त्यसैगरी, *पुनरावेदक श्रीनिवास शारडा विरुद्ध प्रत्यर्थी आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत भएको मुद्दामा* [2] **आयकर ऐन, २०५८ को अनुसूची २ को दफा ३(२) मा भएको व्यवस्था अनुसार, विशेष उद्योगले थप एक तिहाई ह्रास खर्च कट्टी गर्नुपर्ने हो, होइन भनी विचार गर्दा, उक्त ऐनको उक्त दफा १९(१) को व्यवस्था बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिन्छ। सोही दफासँग आबद्ध अनुसूचीको व्यवस्था बाध्यात्मकरुपमा नै पालन गर्नुपर्ने र यो विशेष उद्योग सञ्चालन गर्दा पाउने सुविधा हो भन्नेसमेत देखिन्छ। आयकर ऐन, २०५८ को दफा १९ को कानूनी व्यवस्थातर्फ विचार गर्दा, आय गणना गर्ने प्रयोजनका लागि सो व्यवसाय वा लगानीबाट आयआर्जन गर्ने सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भएबापत अनुसूची २ बमोजिम ह्रास कट्टी गर्नुपर्ने हुन्छ। अनुसूची २ को दफा ३(२) अनुसार उल्लेखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रास कट्टीको दरमा एक तिहाईले थप पाउनेछ भनी उल्लेख गरेको हुँदा उक्त सुविधा ऐनले सम्बन्धित व्यक्तिलाई प्रदान गरेको पाइन्छ। औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहबर्धक बनाइ उत्पादकत्वमा अभिवृद्धि गरी प्रतिस्पर्धात्मक ढङ्गबाट औद्योगिक व्यवसायलाई फस्टाउने गरी विशेष ऐनको रुपमा बनेको औद्योगिक व्यवसाय ऐनले दिएको सुविधालाई अन्यथा गर्न मिल्ने देखिंदैन। उक्त ऐनले दिएको सुविधा सम्बन्धित उद्योगले पाउने नै देखिन्छ। आयकर ऐन, २०५८ ले समेत कुनै रोक लगाएको पाइदैन। कानूनी सुविधाको व्यवस्थालाई समाप्त पार्ने गरी कुनै किसिमले अन्यथा गर्न मिल्ने देखिंदैन। केवल कर असुली गर्नका लागि दीर्घकालीन रुपले प्रतिकूल असर पार्ने भन्ने मनगढन्ते आधारबाट मात्र कानूनमा रहेको व्यवस्थालाई अन्यथा गर्न मिलेन। तसर्थ, पुनरावेदक करदाता एशियन थाई फुड्स प्रा.लि. को आ.व. २०६४/०६५ को आयकर निर्धारण सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको मिति २०६९।१२।०२ को निर्णय र सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागको मिति २०६९।१२।०५ मा भएको निर्णय सदर हुने ठहर गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७४।०१।१० मा**

[2] मुद्दा नं.०७४-RB-००३१ (आयकर आ.व. ०६४/०६५) फैसला मितिः २०७७/१०/२८

**भएको फैसलामा आंशिकरुपमा त्रुटी भएको देखिंदा केही उल्टि हुनजाने देखिन्छ। राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला बदर गरी पाऊँ भन्ने निवेदकको माग दाबी आंशिकरुपमा मात्र पुग्ने देखिन्छ** भनी निर्णय भएको पाईन्छ।

८ यसरी पुनरावेदक इस्टर्न सुगर मिल्स लि.,अमाहिवेल्हा, सुनसरीको तर्फबाट ऐ. का संचालक दिवाकर गोल्छा विरुद्ध प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरसमेत भएको आयकर २०६४/०६५ को मुद्दा (**०७६-RB-०५६१**) मा **आयकर ऐन, २०५८ को दफा १९(१) नै ह्रास खर्च कट्टीको मुल कानूनी आधार हो। अनुसूची २ को दफा ३(२) बमोजिम एक तिहाई थप सुविधामात्र हो भन्न मिल्दैन। अनुसूची २ को दफा ३(२) मूल दफा १९(१) को कार्यान्वयनको प्रक्रियासम्म हो। पुनरावेदक करदाता इस्टर्न सुगर मिल्स लि.ले जिकिर लिएजस्तो आयकर ऐन, २०५८ को दफा १९ को उपदफा १ स्वेच्छिक नभै अनिवार्यता रहेको देखिंदा निज करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन** भनी र पुनरावेदक श्रीनिवास शारडा विरुद्ध प्रत्यर्थी आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत भएको आयकर आ.व. २०६४/०६५ को मुद्दा (**०७४-RB-००३१**) मा **आयकर ऐन, २०५८ को अनुसूची २ को दफा ३ (२) अनुसार उल्लेखित ह्रासयोग्य सम्पत्तिका लागि लागु हुने ह्रास कट्टीको दरमा एक तिहाईले थप पाउनेछ भनी उल्लेख गरेको पाइन्छ। उक्त सुविधा ऐनले सम्बन्धित व्यक्तिलाई प्रदान गरेको हो। औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहबर्धक बनाइ उत्पादकत्वमा अभिवृद्धि गरी प्रतिस्पर्धात्मक ढङ्गबाट औद्योगिक व्यवसायलाई फस्टाउने गरी विशेष ऐनको रुपमा बनेको औद्योगिक व्यवसाय ऐनले दिएको सुविधालाई अन्यथा गर्न मिल्ने देखिंदैन। उक्त ऐनले दिएको सुविधा सम्बन्धित उद्योगले पाउने नै देखिन्छ** भनी निर्णय भएको देखिंदा आयकर ऐनको अनुसूची २ को दफा ३(२) मा भएको व्यवस्था स्वेच्छिक हो की, अनिवार्यता हो? भन्ने सम्बन्धमा विस्तृत व्याख्या भई न्यायिक निरुपण, एकरुपता र स्पष्ट मार्गदर्शन हुन आवश्यक देखिन्छ।

९ यस परिप्रेक्ष्यमा यस अदालतको संयुक्त इजलासहरुबाट भएका उक्त निर्णयहरुको विविधता तथा कानूनमा देखिएका व्यवस्थाहरुलाई समेत मध्यनजर गरी निश्चित न्यायिक धारणा यकिन गर्नुपर्ने भएकोले उल्लिखित कानूनी व्यवस्थासमेतका सन्दर्भमा विस्तृत व्याख्या भई न्यायिक निरुपण, एकरुपता र स्पष्ट मार्गदर्शन हुन वाञ्छनीय हुने देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम प्रस्तुत मुद्दा र यीनै पक्ष विपक्ष भएका यसै प्रकृतिका यसैसाथ

पेश भएका लगाउका **०७४-RB-०३४३, ०७४-RB-०३४४ र ०७२-RB-०४५६** नम्बरका मुद्दाहरुसमेत साथै राखी यस अदालतको पूर्ण इजलाससमक्ष पेश गर्नू। प्रस्तुत मुद्दाहरुको दायरीको लगत कट्टा गरी आदेशलाई विद्युतीय प्रणालीमा प्रविष्ट गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू।

**न्यायाधीश** **न्यायाधीश**

इजलास अधिकृत (उप-सचिव): भीमप्रसाद सुवेदी
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०७९ साल माघ २३ गते रोज २ शुभम् ----------------------------------।